अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड: ६ | संख्या: २ | मिति:२०८०/०१/२९ |

भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

## चिशंखुगढी गाउँपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०१/२७
राजपत्रमा प्रकाशित मिति: २०८०/०१/२९

चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली,२०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, चिशंखुगढी शिक्षा ऐन, २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी चिशंखुगढी गाउँपालिकाले देहायका नियमहरू संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम " चिशंखुगढी गाउँपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली, २०८०" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

२. चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा संशोधनः

| चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा रहेको: | चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा संशीधनः |
| --- | --- |
| **२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-**<br>(ठ) "अभिभावक" भन्नाले विद्यालयको अभिलेखमा जनिएको विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक वा निजको संरक्षण गर्ने व्यक्ति सम्झनुपर्छ । | **२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-**<br>(ठ) "अभिभावक" भन्नाले सम्बन्धित विद्यालयका विद्यार्थीको बाबु, आमा/ सौतेनी आमा, बाजे, बजै, एकाघरका दाजु तथा दिदीलाई सम्झनु पर्दछ । उपरोक्त बमोजिमका परिवारका सदस्यहरू नरहेको अवस्थामा सम्बन्धित विद्यार्थीलाई पालन पोषण गर्ने संरक्षकलाई अभिभावक सम्झनु पर्नेछ । |
| **परिच्छेद-४**<br>शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था<br>२४. गाउँ शिक्षा समितिको गठन तथा कार्य सञ्चालन विधिः (१) गाउँपालिकामा देहाय बमोजिम को एक गाउँ शिक्षा समिति रहनेछ:<br>(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष<br>(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(ग) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक -सदस्य<br>(घ) गाउँसभाका सदस्यहरू मध्येबाट महिला र दलित समेत पर्ने गरी शिक्षा समितिले तोकेका दुई जना सदस्य -सदस्य<br>(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरू मध्येबाट गाउँ शिक्षा समितिले तोकेको आधारभूत र माध्यमिक तहका १/ १ जना गरी दुई जना -सदस्य<br>(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट शिक्षा समितिले मनोनीत गरेको एक जना -सदस्य<br>(छ) संस्थागत विद्यालय वा सामुदायिक सिकाइ केन्द्रको प्रतिनिधिमूलक संस्थाहरू मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधि एक जना -सदस्य<br>(ज) स्थानीय शिक्षा प्रेमी वा समाज सेवी वा बुद्धिजीवीहरू मध्येबाट समितिले मनोनीत गरेका एक जना -सदस्य | **परिच्छेद-४**<br>शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था<br>२४. गाउँ शिक्षा समितिको गठन तथा कार्य सञ्चालन विधिः (१) गाउँपालिकामा देहाय बमोजिम को एक गाउँ शिक्षा समिति रहनेछ:<br>(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष<br>(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(घ) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक -सदस्य<br>(ङ) गाउँसभाका सदस्यहरू मध्येबाट महिला र दलित समेत पर्ने गरी शिक्षा समितिले तोकेका दुई जना सदस्य -सदस्य<br>(च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरू मध्येबाट गाउँ शिक्षा समितिले तोकेको आधारभूत र माध्यमिक तहका १/ १ जना गरी दुई जना -सदस्य<br>(छ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य<br>(ज) संस्थागत विद्यालय वा सामुदायिक सिकाइ केन्द्रको प्रतिनिधिमूलक संस्थाहरू मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधि एक जना -सदस्य<br>(झ) सामुदायिक विद्यालयका महिला शिक्षकहरु मध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य |

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

विशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेर्ना, ओखलढुङ्गा नेपाल

| | |
|---|---|
| (झ) सामुदायिक विद्यालयका महिला शिक्षकहरु मध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना -सदस्य<br>(ञ) शिक्षक महासंघको स्थानीय तहको अध्यक्ष -सदस्य<br>(ट) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव<br>(१) मनोनीत सदस्यको पदावधि मनोनयन गरेको मितिबाट ३ वर्षको हुनेछ । | (ञ) शिक्षक महासंघको स्थानीय तहको अध्यक्ष -सदस्य<br>(ट) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव<br>(१) मनोनीत सदस्यको पदावधि मनोनयन गरेको मितिबाट ३ वर्षको हुनेछ । |
| परिच्छेद ५<br>विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था<br>२६. विद्यालय व्यवस्थापन समिति रहने: (१) यस नियमावली अन्तर्गत व्यवस्था भएको समितिहरूको अधिकार क्षेत्र वाहेक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:<br>(क) विद्यालयका अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य<br>(ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी वा एक लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने चन्दा दाता मध्येबाट व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य<br>(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकी पठाएको एक जना सदस्य -सदस्य<br>(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको प्रतिनिधि एक जना -सदस्य<br>(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव<br>(११) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरू मध्येबाट बढीमा ७ दिनभित्र अध्यक्ष छनौट गर्नेछन् । विद्यालय व्यवस्थापन समितिको अध्यक्षको छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।<br>स्पष्टीकरण: विद्यालय व्यवस्थापन समितिका सदस्यहरू भन्नाले उपदफा (१) को खण्ड (क), (ख), (ग), | परिच्छेद ५<br>विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था<br>२६. विद्यालय व्यवस्थापन समिति रहने: (१) यस नियमावली अन्तर्गत व्यवस्था भएको समितिहरूको अधिकार क्षेत्र वाहेक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:<br>(क) विद्यालयका अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका १ जना दलित र दुईजना महिला सहित चारजना -सदस्य<br>*(स्पष्टीकरण: दलित अभिभावक नरहेको अवस्थामा अन्य अभिभावकले प्रतिनिधित्व गर्न बाधा पर्ने छैन ।)*<br>(ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी वा एक लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने चन्दा दाता मध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य<br>(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकी पठाएको एक जना सदस्य -सदस्य<br>(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको प्रतिनिधि एक जना -सदस्य<br>(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव<br>(११) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरू मध्येबाट बढीमा १५ (पन्ध्र) दिनभित्र अध्यक्ष छनौट गर्नेछन् । विद्यालय व्यवस्थापन समितिको अध्यक्षको छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । |

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

विशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था. २०७३

| | |
|---|---|
| (घ) र (ङ) बमोजिमका सबै सदस्यहरूलाई जनाउँदछ । माथि जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचित जनप्रतिनिधि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन पाउने छैन । | स्पष्टीकरण: विद्यालय व्यवस्थापन समितिका सदस्यहरू भन्नाले उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमका सबै सदस्यहरूलाई जनाउँदछ । माथि जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढी विद्यालयमा एक जना व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन सक्ने छैन । |
| **५४. करार शिक्षक तथा कर्मचारी छनौट समितिः**<br>(४) उपनियम (१) को खण्ड (घ) को प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयले स्थायी शिक्षकहरू मध्येबाट आवेदन माग गरी विषय विशेषज्ञको सूची तयार गरी राख्नु पर्नेछ । आधारभूत तहको विषय विशेषज्ञको लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको सम्बन्धित तहको स्थायी शिक्षक र माध्यमिक तहको विषय विशेषज्ञको लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको सम्बन्धित तहको स्थायी शिक्षक हुनु पर्नेछ । माध्यमिक तहको विषय विशेषज्ञ आधारभूत तहको विषय विशेषज्ञको सूचीमा समेत सूचीकृत भएको मानिनेछ । | **५४. करार शिक्षक तथा कर्मचारी छनौट समितिः**<br>(४) उपनियम (१) को खण्ड (घ) को प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयले स्थायी शिक्षकहरू मध्येबाट आवेदन माग गरी विषय विशेषज्ञको सूची तयार गरी राख्नु पर्नेछ । आधारभूत तहको विषय विशेषज्ञको लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको सम्बन्धित तहको स्थायी शिक्षक र माध्यमिक तहको विषय विशेषज्ञको लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको वा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तहमा कम्तीमा २ (दुई) वर्ष सेवा गरेको स्थायी शिक्षक हुनु पर्नेछ । माध्यमिक तहको विषय विशेषज्ञ आधारभूत तहको विषय विशेषज्ञको सूचीमा समेत सूचीकृत भएको मानिनेछ । |
| **५७. सरुवा सम्बन्धी व्यवस्था:**<br>(३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुई वर्ष सेवा पूरा नभई सरुवा गरिने छैन।<br>तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।<br>(५) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः<br>(च) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा निजलाई सो विद्यालयमा राखिरहेको अवस्थामा शैक्षिक वातावरण खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा, | **५७. सरुवा सम्बन्धी व्यवस्था:**<br>(३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा १ (एक) वर्ष सेवा पूरा नभई सरुवा गरिने छैन ।<br>तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ । साथै पारस्परिक सरुवाको हकमा सम्बन्धित दुबै विद्यालय व्यवस्थापन समितिको सहमति र सम्बन्धित कर्मचारीको माग निवेदनको आधारमा शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्ने छ ।<br>(५) अन्य जुनसुकै कुरा उल्लेख भएता पनि देहाय बमोजिमको मापदण्डका आधारमा शिक्षक सरुवा गर्न बाधा पर्ने छैनः<br>(च) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा निजलाई सो विद्यालयमा राखिरहेको अवस्थामा |

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | |
|---|---|
| (छ) पति र पत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडाभित्र पर्ने गरी सरुवा गर्नु परेमा । | शैक्षिक वातावरण खलबलिन सक्ने व्यहोरा गाउँ शिक्षा समिति वा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,<br>(छ) पति र पत्नी दुवै शिक्षक/ कर्मचारी रहेको अवस्था भए सकभर पायक पर्ने गरी सरुवा गर्नु परेमा ।<br>**५७.१ काज सरुवा सम्बन्धी व्यवस्था:**<br>(१) विद्यालयको आवश्यकता र शिक्षकहरूलाई परेको समस्या समेतलाई ध्यानमा राखि गाँउ शिक्षा समितिको सिफारिसमा बढीमा ६ (छ) महिनाको लागि प्रमुख प्रशासकीय अधिकृतले काज सरुवा गर्न सक्नेछ । उक्त काज सरुवा भएको शिक्षकलाई बढीमा ६ (छ) महिना म्याद थप गर्न सकिनेछ । |

आज्ञाले
लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत